## पाठ ३

# तपाईंले चाहनुभएको कुरालाई कसरी बाइबलमा पाउनसक्नुहुन्छ

हजूर आमाको भान्छामा कसैले केही पनि भेट्टाएन। 'चिनी' भनी लेखिएको भाँडामा पिठो र 'नून' भनी लेखिएको भाँडामा चिया थियो। हजूर आमाले मात्र त्यस भान्छामा काम गर्नु भएको हुनाले यस सम्बन्धमा उहाँलाई कुनै कठिनाई नै थिएन।

सडकको अर्कापट्टि भएको घरको भान्छा भने भिन्न किसिमको थियो। सबैकुरा ठीक मिलाएर राखिएको थियो किनभने आमाले मात्र त्यस भान्छामा काम गर्नुहुन्नथ्यो। उहाँको श्रीमानलाई आफ्नो खाजा आफै बनाउन मनपर्थ्यो र उहाँका छोरीहरू पनि पालो पालो गरि खाना बनाउँथे। खाना पकाउने समयमा ठीक प्रकारको योजना हुनैपर्थ्यो।

बाइबललाई पनि मिलाएर राख्नाले हामीलाई आवश्यक परेको कुरा हामी सजिलैसँग पाउनसक्छौं। हाम्रा बाइबलहरू छाप्ने व्यक्तिहरूलाई यो कुरा थाह छ। जस्तोसुकै अनुवादमा पनि मानिसहरू अलमल्लमा नपरून् भनी उही अध्यायहरू र पदहरू राखिएका हुन्छन्। बाइबलका विशेष पदहरूलाई भेट्टाउनको लागि



सहायता पुऱ्याउन यस सम्बन्धी पनि पुस्तकहरू तयारी भएका छन्। यस पाठमा हामीले बाइबलका पदहरूलाई कसरी भन्नु र लेख्नु पर्ने हो र हामीले भेट्टाउनुपर्ने विषय र पदहरूलाई सहायता पुऱ्याउने आधारभूत अध्ययनलाई कसरी प्रयोग गर्ने त्यस बारेमा सिक्नेछौं।

**यस पाठमा तपाईंले यी कुराहरू अध्ययन गर्नुहुनेछः**

बाइबल सन्दर्भ
अध्ययन सन्दर्भ
पद-साङ्लो

## बाइबल सन्दर्भ

### यसलाई भन्ने र लेख्ने

उद्देश्य १. *बाइबल सन्दर्भित पदहरूलाई ठीक किसिमले भन्ने र लेख्ने।*

हाम्रो पढाई र अध्ययनमा हामीलाई सहयोग पुऱ्याउनलाई बाइबलका प्रत्येक पुस्तकलाई अध्यायहरूमा विभाजित गरिएको छ। प्रत्येक अध्यायलाई पनि सानो सानो खण्डमा विभाजन गरि संख्या दिइएको छ। यिनीहरूलाई पदहरू वा बाइबल विषयहरू भनिन्छ। हामीले बाइबलको कुनै पनि विषयलाई उल्लेख गर्दा सबैभन्दा पहिले त्यस पुस्तकको नाम, त्यसपछि अध्यायको संख्या, र त्यसपछि पद भनिन्छ। यिनीहरू सबैलाई एकैसाथ बाइबलको सन्दर्भ भन्नसकिन्छ।

अब हामी बाइबलको पहिलो पुस्तक उत्पत्तिलाई हेरौं। यदि तपाईंले प्रयोग गर्नुभएको अनुवादमा पुस्तकको परिचय उल्लेख गरिएको छ भने त्यस भागलाई छोडि ठूलो अंकमा एक लेखिएको पहिलो अध्यायको शुरूमा हेर्नुहोस्। पहिलो अध्यायको पहिलो पद "आदिमा...." भनी सानो एक संख्या लेखि शुरू हुन्छ। यस पदलाई उल्लेख गर्दा हामी उत्पत्ति एक को एक भनी भन्छौं। पदहरू छुट्याउनलाई पूरै अध्याय भरिनै सानो सानो अंकहरू लेखिएका हुन्छन्।

अब अर्को ठूलो अंकमा लेखिएको २ अध्यायलाई खोज्नुहोस्। त्यो चाँहि दुई अध्यायको शुरू हो। पहिलो पद यसरी शुरूहुन्छ "अनि यसरी सारा सृष्टि पूरा

भयो।'' यस पदलाई उल्लेख गर्दा उत्पत्ति २:१ (दुई को एक) भनी भन्छौं। दुई अध्यायमा २५ पदहरू छन्। अब उत्पत्ति पाँच को एकमा जाऔं। "यो सूची हो...." हामीले बाइबलको सन्दर्भ दिंदा अध्याय र पद नभनी यसको संख्यालाई मात्र उल्लेख गर्नसक्छौं।

उत्पत्ति ५:१-५ भनेको के होला? "उत्पत्ति पाँच को एकदेखि पाँच सम्म'' भनी तपाईंले ठीकै भन्नुहुन्छ होला। एक सानो धर्कोले क्रमैसँग आएको पदहरूबाट पदहरूको र अध्यायहरूबाट, अध्यायहरूको विभाजन गर्छ। यदि हामीले एउटै अध्यायबाट क्रम नमिलेका पदहरूलाई उल्लेख गऱ्यौं भने हामी तिनीहरूलाई यसरी लेख्छौं: यहोशू १:५,८,१०। यहोशू एकको पाँच, आठ र दश भनी भन्छौं।

यदि उल्लेख गरिएका पदहरू पुस्तकको विभिन्न अध्यायहरूबाट लिइएका छन् भने हामी अर्धविराम को चिन्ह् लेखि अध्यायका पदहरूलाई छुट्याउँछौं। मत्ती १:२१; २:१-६ ले एक अध्यायको एकाइस पद र दुई अध्यायको एक देखि छ पद भनी हामीलाई बताएको हुन्छ।

१ राजा र २ राजा जस्ता एउटै नाम भएका पुस्तकहरूलाई एकपछि अर्को राखिएको छ।



यूहन्नाको लेखकले अरू तीनवटा पत्रहरू १ यूहन्ना, २ यूहन्ना र ३ यूहन्ना लेखेका छन् जसमा उनको नाम उल्लेख गरिएको छ। यी पुस्तकहरूमध्ये एउटाको पद उद्धृत गर्दा पहिलो यूहन्ना एक अध्यायको नौ पदलाई १ यूहन्ना १ : ६ भनी लेख्न सकिन्छ।

यी नियमहरू सिक्न तपाईंलाई सजिलै भयो होला भन्ने निश्चयता मलाई छ। तपाईंको भविष्यको अन्य अध्ययनहरूमा पनि यी नियमहरू तपाईंको लागि फायदाजनक हुन्छन्।

## तपाईंको अभ्यासको निम्ति

**१.** तल दिइएको तालिकामा उचित सूचनाहरूको उत्तर दिनुहोस् दिइएको प्रत्येक खाली ठाउँमा लेख्नुहोस्।

| पदहरू | यसलाई कसरी भनिन्छ |
|---|---|
| क. यूहन्ना ३ : १६ | |
| ख. | रोमी छ को तेइस |
| ग. १ यूहन्ना १ : ८-१० | |
| घ. | रोमी बाह्रको चौध, सोह्र र अठार |
| ङ. | मत्ती एकको एक; र पाँचको एक देखि तीन |

२. मत्ती १:१-४ मत्तीको सुसमाचारका पहिला चार पदहरू हुन। तल उल्लेख गरिएका पदहरूमा कतिवटा पदहरू छन् लेख्नुहोस्।

**क**. उत्पत्ति ८:१८-२२ मा ......................छन्।

**ख**. उत्पत्ति ८:१८,२२ मा ......................छन्।

३. मत्ती १:२१; २:१; ३:१३,१६ भेट्टाउनुहोस्। यी पदहरूले के को बारेमा बताउँछन्?

**क**. येशू, ज्ञानी मानिसहरू, बप्तिस्मादिने यूहन्ना, र चेलाहरू।

**ख**. येशू, ज्ञानी मानिसहरू, बप्तिस्मादिने यूहन्ना र पवित्र आत्मा।

**ग**. येशू, यूसुफ, र गोठालाहरू।

## बाइबलका पदहरूलाई पत्ता लगाउनु

उद्देश्य २. *कुनै पनि सोधिएको बाइबल पदलाई पत्ता लगाउनु।*

एकदिन प्रार्थना र अध्ययन सभापछि, एकजना नयाँ विश्वासीले मलाई भन्नुभयो, "तपाईंले तुरून्ता तुरून्तै बाइबलका पदहरू भेट्टाउन सक्नुभएको हुनाले तपाईं अवश्यपनि धेरै चलाख हुनुपर्छ।" बाइबलका पदहरूलाई तुरून्तै पाउने व्यक्ति धेरै बुद्धिमान हुनुपर्छ भन्ने केही छैन्। यसको अर्थ यही हुन्छ कि तपाईंले यस पाठमा सिक्नुभएको कुरालाईनै त्यस व्यक्तिले सिक्नुपर्छ।

तपाईंको बाइबलको शुरूमानै बाइबलका सबै पुस्तकहरूको नामको सूची र तिनीहरू शुरूहुने पृष्ठ संख्या उल्लेख गरिएको पाइन्छ। शुरू शुरूमा तपाईंलाई पुस्तक र पदहरू पत्ता लगाउनको लागि यो सूची हेर्न आवश्यक पर्छ।

बाइबलका पदहरूलाई सजिलैसँग भेट्टाउने सबैभन्दा उत्तम तरीका बाइबलका पुस्तकहरूलाई तिनीहरूको क्रमअनुसार कण्ठ गर्नु हो। केटाकेटीहरूले यसलाई तुरुन्तै सिक्छन् र जवानहरूले पनि सिक्न सक्छन्। तपाईंले दिनहुँ पाँच छ वटा नामहरू एउटा कागजमा लेखेर कण्ठ नहोउञ्जेल लेख्दै, दोहोऱ्याउँदै गर्नसक्नुहुन्छ। कम्ती मेहनत गरेरनै बाइबलका पुस्तकहरूलाई पल्टाउन सक्दा तपाईं खुशी र धन्यवादी हुनसक्नुहुनेछ।

## तपाईंको अभ्यासको निम्ति

**४.** बायाँपट्टि दिइएका बाइबलका प्रत्येक पदहरूलाई हेरी दायाँपट्टिको ठीक पदसँग जोडा मिलाउनुहोस्।

__**क.** फिलिप्पी ४:१९
__**ख.** १ यूहन्ना १:८
__**ग.** यहोशू १:६
__**घ.** भजन २३:१

१. "तैँलाइ मेरो आज्ञा छ बलियो र खूबै साहसी हो!"
२. "यदि हामीमा पाप छैन भनी हामी भन्छौं भनेता हामीले आफैंलाई धोका दिन्छौं, र हामीमा सत्य हुँदैन।"
३. "परमप्रभु मेरा गोठालो हुनुहुन्छ, मलाई केहीको खाँचो हुँदैन।"
४. "अनि मेरा परमेश्वरले, ख्रीष्ट येशूमा भएको महिमा उहाँको सम्पत्ति अनुसार तिमीहरूका सबै अभावलाई पूरा गरिदिनुहुनेछ।"

## अध्ययन सन्दर्भ

उद्देश्य ३. *अध्ययन सन्दर्भको प्रयोगलाई परिचित गर्नुहोस्।*

कुनै बाइबलहरूमा अध्ययनलाई सहयोग पुऱ्याउन त्यहाँ भएका पदहरूसँग मिल्दाजुल्दा अन्य पदहरूलाई प्रत्येक पृष्ठको बीच वा पुच्छारमा राखिन्छ। यिनीहरूलाई कहिलेकहीं पद-साङ्लो भनिन्छ, जसले सम्बन्धित पदहरू भेट्टाउन सहयोग पुऱ्याउँछन्।

बाइबलमा उल्लेख गरिएको एक सानो अक्षरले बाइबलको अर्को पद भेट्टाउनलाई त्यही अक्षर प्रयोग गर्न लगाउँछ। यही पदबाट नै तपाईं त्यससँग सम्बन्धित अन्य पदहरूमा जान सक्नुहुन्छ। यदि तपाईंसँग अध्ययन बाइबल छ भने यो अध्ययन प्रणालीलाई प्रयोग गरि आफ्नो अध्ययनलाई चाखलाग्दो बनाउनुहोस्।

तपाईंको बाइबलमा भएका सन्दर्भ र व्याख्याहरू उपयोगी छन, तरै पनि तिनीहरू ईश्वरीय प्रेरणाद्वारा लेखिएका होइनन्। हामीले हाम्रो बाइबललाई सजिलैसँग बुझ्न सकौं भनेर हामीलाई सहायता पुऱ्याउनको निम्ति बाइबल शिक्षक र विद्वानहरूले यी दिएका हुन।

• • •

## तपाईंको अभ्यासको निम्ति

तल दिइएका वाक्यहरूलाई पूर्ण गराउने ठीक उत्तरहरूलाई छान्नुहोस्।

**५.** बाइबलमा विशेष शब्दद्वारा संकेत गरिएका साना अक्षरहरूले के कुराको सम्बोधन गर्छन्?

**क.** विशेष अध्याय विभाजन

**ख.** भिन्नै अक्षर

**ग.** अध्ययन सन्दर्भ वा पदहरू

**६.** पद-साङ्लो (अध्ययन सन्दर्भ) ले के कुरा पत्ता लगाउन तपाईंलाई सहायता पुऱ्याउँछ?

**क.** त्यही विषयमा बाइबलका अन्य पदहरू पत्ता लगाउन।

**ख.** त्यही विषयमा पुस्तकहरू पढ्न।

### पद-साङ्लो (सादृष्य)

उद्देश्य ४.*पद-साङ्लो प्रयोग गर्ने तरीका थाह पाउनु।*

पद-साङ्लो वा सादृष्य बाइबलमा भएका मुख्य शब्दहरूको क्रमिक सूची हो। यो सूचीले त्यो विशेष शब्द कहाँ कहाँ प्रयोग गरिएको छ त्यसका सम्बन्धित पदहरू दिन्छ। वर्तमान समयमा अंग्रेजी भाषाको पद-साङ्लोको सूची किङ्ग जेम्स अनुवाद बाइबल अनुसार राखिएको छ। यद्यपि यहाँ दिइएको सुझावले पद-साङ्लोको प्रयोग गर्न तपाईंलाई सहायता मिल्ने छ।

पद-साङ्लोलाई विभिन्न समयमा प्रयोग गर्ने इच्छा तपाईंलाई लाग्ला। उदाहरणको लागि प्रेम शब्द भएका

धेरै पदहरू पढ्न तपाईंलाई इच्छा लाग्ला। त्यो शब्दलाई आफ्नो पद-साङ्लोमा हेर्नुहोस्। प्रेम शब्द भएका बाइबलका पदहरूलाई एकैसाथ लेखिएको हुन्छ।

विशेष पद कहाँ छ भनी भेट्टाउनको लागि पनि पद-साङ्लोको सहायता लिन सकिन्छ। अलिकति पदको भाग वा पूरै पद तपाईंलाई थाह छ तर त्यससँग सम्बन्धित पदहरू थाह छैन भने पनि पद-साङ्लोको सहायताले सो पत्ता लगाउन सकिन्छ। पदबाट सम्झनुभएका शब्दहरूबाट मुख्य शब्द छान्नुहोस् र त्यस शब्दलाई हेर्नुहोस्। तपाईंले खोजीरहनुभएको पदबाट केही शब्द समूह सूचीमा उल्लेख गरिएको तपाईंले पाउनुहुन्छ।

उदाहरणको लागि "रूपैयाँ-पैसाको प्रेमनै सबै किसिमको खराबीको जरा हो" भन्ने पदलाई तपाईं बाइबलमा भेट्टाउन चाहनुहुन्छ। हुनसक्छ, तपाईंले रूपैयाँ-पैसानै खराबीको जरा हो भन्ने शब्द समूह मात्र सम्झनु हुन्छ होला। यस पदमा तपाईंले हेर्नुपर्ने मुख्य तीन शब्दहरू छनः रूपैयाँ-पैसा, जरा, र खराबी। पद-साङ्लोमा मुख्य शब्दलाई पहिलेको अक्षर दिएर परिचित गराइएको हुन्छ। यदि तपाईंले रूपैयाँ-पैसा भन्ने मुख्य शब्दलाई खोज्नुभयो भने यस्तो किसिमको पाउन सक्नुहुनेछः

मत्ती २५:१८ - उसले आफ्नो मालिकको रू.
(धन) लुकाएर राख्यो।

मर्कूस १२:४१ - मानिसहरूले आफ्ना रू.
ढुकुटीभित्र राखे।

१ तिमोथी ६:१० - रू. को प्रेमनै सबै किसिमको
खराबीको जरा हो।

यदि तपाईंले आफूले खोज्नुभएको बाइबलको पदको मुख्य शब्द रूपैयाँ-पैसालाई पद-साङ्लोमा पाउनु भएन भने अर्को मुख्य शब्द हेर्नको लागि अगाडि बढ़नुहोस्।

१ तिमोथी ६:१० लाई धेरैपल्ट भ्रमित प्रकारले प्रयोग गरिएको छ। पद-साङ्लोको प्रयोगले यस्तो किसिमको भ्रम ल्याउने भूलबाट जोगिन हामीलाई सहायता पुऱ्याउँछ।

के तपाईंको बाइबलमा पद-साङ्लो वा अन्य केही सहयोग पुऱ्याउने सन्दर्भहरू छन्? यिनीहरू परमेश्वरको निम्ति काम गर्ने शिक्षक, पाष्टर, प्रचारक र अन्य व्यक्तिहरूको लागि महत्वपूर्ण सहयोगहरू हुन। हुनसक्छ प्रचारक वा शिक्षकहुने योजना तपाईंमा छैन होला तरै पनि आफ्नो अध्ययनमा तपाईंले पद-साङ्लोको प्रयोग गर्नुभयो भने तपाईंले धेरै नयाँ कुराहरू सिक्नसक्नुहुनेछ। यी सहयोगहरूबाट तपाईं अझै परमेश्वरको वचनसँग परिचित हुनुभई परमेश्वर र अरूहरूसँग हुनुपर्ने तपाईंको सम्बन्धको बारेमा अझै धेरै सिक्न सक्नुहुनेछ।

## तपाईंको अभ्यासको निम्ति

**७.** तल दिइएकाहरूमध्ये कुन दुई बयानहरू ठीक छन्?

**क.** पद-साङ्लो बाइबलका मुख्य शब्दहरूको सूची हो।

**ख.** पद-साङ्लो प्रचारक र शिक्षकहरूको निम्ति मात्र हो।

**ग.** यदि तपाईंले खोज्नु भएको कुनै पदको एक वा दुई शब्द सम्झनु भयो भने त्यसलाई भेट्टाउन सक्नुहुन्छ।

**घ.** पद-साङ्लो र बाइबलको छेऊमा राखिएको पद-सन्दर्भ एउटै कुरा हो।

## तपाईंका उत्तरहरू जाँच्नुहोस्

**१. क.** यूहन्ना तीनको सोह्र
**ख.** रोमी ६:२३
**ग.** पहिलो यूहन्ना एकको आठदेखि दश
**घ.** रोमी १२:१४,१६,१८
**ङ.** मत्ती १:१; ५:१-३

**५. ग.** अध्ययन सन्दर्भ

**२. क.** पाँच
**ख.** दुई

**६. क.** उही विषयमा बाइबलका पदहरू

**३. ख.** येशू, ज्ञानी मानिसहरू, बप्तिस्मा दिने यूहन्ना, र पवित्र आत्मा

**७. क.** ठीक
**ग.** ठीक

**४. क.** ४. "उहाँको प्रशस्तताको सम्पत्तिले..."
**ख.** २. "यदि हामीमा पाप छैन भनी भन्छौं भने..."
**ग.** १. "मैले तिमीलाई दिएको आज्ञा सम्झ..."
**घ.** ३. "परमप्रभु मेरो गोठालो हुनुहुन्छ..."